# संघीय संसद

# प्रतिनिधि सभा, २०७९

दोश्रो अधिवेशन

बैठक संख्या - १७

## दैनिक कार्यसूची

२०८० जेठ २१ गते, आइतबार

बिहान ११:०० बजे

### राष्ट्रपतिको कार्यालयको पत्र

१. सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त विधेयक प्रमाणीकरण र कार्यभार तोकिएको सम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनु हुने ।

### राजश्व र व्ययको वार्षिक अनुमानमाथि छलफल प्रारम्भ

२. माननीय अर्थ मन्त्री डा० प्रकाश शरण महतले वक्तव्य सहित "आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल प्रारम्भ गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

३. आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल प्रारम्भ हुने ।

### शोक प्रस्ताव

४. सम्माननीय सभामुखले निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुने :-

"प्रतिनिधि सभाको यो बैठक, नेपाली काँग्रेस पार्टीबाट वि.सं. २०४८ र २०५१ सालमा प्रतिनिधि सभा सदस्यमा निर्वाचित, वि.सं. २०६४ सालको संविधान सभा निर्वाचन र वि.सं. २०७४ सालको प्रतिनिधि सभा निर्वाचनमा समानुपातिक सदस्यमा निर्वाचित सदस्य, पूर्व महिला, बालबालिका तथा समाजकल्याण राज्यमन्त्री, शालिन र सरल नेतृको रुपमा परिचित मीना पाण्डेको ७२ वर्षको उमेरमा मिति २०८० साल जेठ १६ गते मंगलबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

पद्म प्रसाद पाण्डेय

प्रतिनिधि सभाको सचिव